# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## भुक्तानी प्रणाली विभाग

अ.प्रा.निर्देशन नः- ४/०७४ मितिः-२०७४/०४/१५

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय लगायत उपत्यका बाहिरस्थित कार्यालय एवं यस विभागबाट भुक्तानी सम्बन्धी कार्य गर्न अनुमति लिएका इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्र ।

विषयः- सेटलमेन्ट बैंक (Settlement Bank) सम्बन्धमा ।

महाशय,

यस बैंकबाट जारी गरिएको भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई प्रदान गरिने अनुमति नीति, २०७३ को बुँदा नं ३१ मा अनुमतिपत्र प्राप्त भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले तोकिएको व्यवस्था बमोजिम सेटलमेन्ट बैंक (Settlement Bank) छनौट गरी कारोवार गर्नुपर्ने सम्बन्धमा देहाय बमोजिमका मापदण्ड एवम् प्रक्रियागत व्यवस्था कायम गरिएकोले सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०३ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. सेटलमेन्ट बैंक सम्बन्धी व्यवस्था**

(क) सेटलमेन्ट बैंक यस बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गको बैंक हुनुपर्नेछ ।

(ख) सेटलमेन्ट खाता खोल्नु अगाडिको त्रैमासिक वित्तीय विवरणमा यस बैंकले तोकेको पुँजीकोष कायम भएको हुनुपर्नेछ ।

(ग) यस बैंकको नीतिगत व्यवस्था वा निर्देशन बमोजिम तोकिएको न्यूनतम चुक्ता पुँजी कायम भएको हुनुपर्नेछ ।

(घ) बैंकको केन्द्रीय कार्यालय र सम्पूर्ण कार्यालयहरु बीच विद्युतीय वित्तीय कारोबार अवरोधरहित (uninterrupted) ढंगले सम्पादन हुन सक्ने गरी सूचना आदान प्रदान हुने विद्युतीय सञ्चार सञ्जाल (Electronic communication network) को व्यवस्था गरेको हुनुपर्नेछ ।

(ङ) बैंकको निष्क्रिय कर्जा यस बैंकले तोकेको सीमाभित्र रहेको हुनुपर्नेछ ।

(च) विगत ३ वर्षभित्र यस बैंकबाट जारी "बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४" को विनियम ३ बमोजिमको कारवाही नभएको हुनुपर्नेछ ।

(छ) बैंक सञ्चित नोक्सानीमा नरहेको तथा पछिल्लो ५ बर्ष लगातार खुद नाफामा रहेको हुनुपर्नेछ ।

(ज) बैंकको Banking System 7/24/365 अनवरत रुपमा सञ्चालन हुने सुनिश्चित भएको हुनुपर्नेछ ।

(झ) विद्युतीय माध्यमबाट गरिने जुनसुकै प्रकारको वित्तीय कारोबार सम्बन्धी फछ्र्यौट समयमा नै हुन नसकेको कारणबाट ग्राहकलाई परेको वित्तीय नोक्सानी सम्बन्धी दायित्व सम्बन्धित भुक्तानी सेवा प्रदायक/भुक्तानी प्रणाली संचालकले व्यहोर्नु पर्नेछ । तर, उक्त संस्थाले यस्तो दायित्व व्यहोर्न नसकेको अवस्थामा सोको अन्तिम दायित्व सेटलमेन्ट बैंकको हुनेछ ।

२. **भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायक सम्बन्धी व्यवस्था ।**

(क) भुक्तानी प्रणाली सञ्चालक वा भुक्तानी सेवा प्रदायक सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको सञ्चालक समितिले निर्णय गरी सोको आधारमा सेटलमेन्ट खाता खोल्नुपर्नेछ ।

(ख) भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रले फछर्यौट कारोबार प्रयोजनका लागि एक छुट्टै सेटलमेन्ट खाता खोल्नुपर्नेछ ।

(ग) सेटलमेन्ट बैंक र भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रको बीचमा सेटलमेन्ट खाता सञ्चालन गर्न लिखित सम्झौता गरी सोको प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्नेछ ।

३ सेटलमेन्ट बैंक र भुक्तानी प्रणाली संचालक/भुक्तानी सेवा प्रदायकले फछ्र्यौट कारोबार सम्बन्धी तथ्याङ्क यस बैंकले तोकेको ढाँचामा महिना समाप्त भएको १५ दिनभित्र यस विभागमा पेश गर्नुपर्नेछ ।

४.यस निर्देशन जारी हुनु अघि फछ्र्यौट कारोवारको लागि सेटलमेन्ट खाता सञ्चालन गरिरहेका बैंकहरुले यस निर्देशनमा उल्लिखित व्यवस्थाहरु मिति २०७५ साल असार मसान्तसम्ममा पूरा गरी सक्नुपर्नेछ ।

भवदीय,

कार्यकारी निर्देशक

भुक्तानी प्रणाली विभाग

बोधार्थ:

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय,
२. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ,
३. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभाग,
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग,
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग,
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग,
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग,
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग,
९. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथली,
१०. श्री नेपाल बैंकर्स संघ,
११. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ,
१२. श्री वित्तीय संस्था संघ,
१३. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्र ।